## २०८१ माघ २८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | एसियाली विकास बैंकको Asia Pacific Disaster Response Fund बाट 2024-Floods and Landslides Emergency Response Project का लागि प्राप्त हुने बीस लाख अमेरिकी डलर (करिब ने.रू. २७ करोड ७३ लाख मात्र) अनुदान सहायता स्वीकार गर्ने। |
| 2 | अर्थ मन्त्रालय | ६७० मेगावाट क्षमताको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना निर्माणका लागि आयोजनाको वित्तीय व्यवस्थासम्बन्धी पूर्वतयारी अगाडि बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| 3 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८१ माघ २९ गतेदेखि फागुन २ गतेसम्म भारतको नयाँदिल्लीमा आयोजना हुने Third Annual Energy Week विषयक कार्यक्रममा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने। |
| 4 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २०८१ माघ २९ गते भारतको नयाँ दिल्लीमा आयोजना हुने नेपाल-भारत विद्युत व्यापार सम्झौताअन्तर्गतको संयुक्त सञ्चालक समितिको बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव (ऊर्जा) लाई स्वीकृति दिने। |
| 5 | गृह मन्त्रालय | सजाय माफी, मुलतवी, परिवर्तन वा कम गर्ने सम्बन्धी कार्यविधि, २०७१ खारेज गर्ने। |
| 6 | परराष्ट्र मन्त्रालय | नेपाल र युक्रेनबिच कुटनीतिक, अफिसियल र सर्भिस राहदानीबाहकलाई भिसा छुट दिनेसम्बन्धी सम्झौतापत्र स्वीकृत गर्ने। |
| 7 | परराष्ट्र मन्त्रालय | परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान र ओमान सरकारको Diplomatic Academy बिच हस्ताक्षर हुने कुटनीतिक अध्ययन र तालिममा सहकार्यसम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |

| | | |
|---|---|---|
| 8 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता रहेको सुर्खेत जिल्ला भेरीगंगा नगरपालिका वडा नं. ८ को ५३ रोपनी जग्गा मैनतडा सवस्टेशन निर्माणको लागि राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेडलाई लिजमा उपलब्ध गराउन स्वीकृति दिने। |
| 9 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | दैलेख जिल्लाको आठबिस नगरपालिकाको स्वामित्वमा रहेको १५ शय्या क्षमताको आधारभूत अस्पताललाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत व्यवस्थापन र सञ्चालन गर्नेगरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने। |
| 10 | बीमा नियमावली, २०८१ स्वीकृत गर्ने। | |
| 11 | नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त पदमा लुम्बिनी प्रदेशका कायममुकायम प्रमुख सचिव श्री बाबुराम अधिकारीलाई बढुवा गर्ने। | |
| 12 | राजपत्राङ्कित विशिष्ट श्रेणीका देहायका अधिकृतहरूको देहायबमोजिम सरुवा गर्नेः | |

| क्र. सं. | नाम थर | हालको पद तथा निकाय | सरुवा गरिएको पद तथा निकाय |
|---|---|---|---|
| 1 | डा. रामप्रसाद घिमिरे | सचिव; अर्थ मन्त्रालय | सचिव; राष्ट्रपतिको कार्यालय |
| 2 | श्री नारायणप्रसाद शर्मा दुवाडी | सचिव; राष्ट्रपतिको कार्यालय | सचिव; अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| 3 | श्री घनश्याम उपाध्याय | सचिव; अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सचिव; अर्थ मन्त्रालय |

13. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- राज पत्राङ्कितप प्रथम श्रेणी (सहसचिव) १७ जनाको सरुवा गर्ने ।